आज मिति २०८३।०२।२५ गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु**

## आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८३।०२।२५ गते, बैठक संख्या:१७ को प्रस्ताव, कार्यसूची र निर्णयहरु

प्रस्ताव नं. १७.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. १७.२ कर्मचारीहरुको तह वृद्धि सम्बन्धमा,

प्रस्ताव नं. १७.३ कक्षा ८ को ग्रेडबृद्धि परीक्षाको खर्च सम्बन्धमा,

प्रस्ताव नं. १७.४ कप्टैया खुला व्यामशाला सम्बन्धमा,

प्रस्ताव नं. १७.५ वडा नं. ४ मर्मत सम्भार सम्बन्धमा,

प्रस्ताव नं. १७.६ अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री व्यवस्थापन सम्बन्धमा,

प्रस्ताव नं. १७.७ प्रदेश समपुरक योजना सम्बन्धमा,

प्रस्ताव नं. १७.८ बाणगङ्गा नगरपालिकाको १९औं नगरसभाको कार्यसूची सम्बन्धमा,

प्रस्ताव नं. १७.९ आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १७.१० बाणगङ्गा नगरपालिकको स्थिति पत्र सम्बन्धमा,

प्रस्ताव नं. १७.११ शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धमा,

प्रस्ताव नं.१७.१२ पिपरा अस्पतालको डि.पि.आर. सम्बन्धमा,

प्रस्ताव नं. १७.१३ कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा,

प्रस्ताव नं. १७.१२ विविध।

मिति: २०८३।०२।२५ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक सङ्ख्या १७ का निर्णयहरु

**प्रस्ताव नं. १७.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १७.१** अघिल्लो कार्यपालिका निर्णयहरुको विषयमा बैठकमा छलफल भयो उक्त निर्णयहरुलाई कार्यान्वयन गर्ने गरी अभिलेख राख्ने निर्णय गरियो।

**प्रस्ताव नं. १७.२ कर्मचारीहरुको तह वृद्धि सम्बन्धमा,**

**निर्णय नं. १७.२** स्थानीय निजामती सेवा ऐन, २०८१ मा छैठौ तहबाट सातौं तहमा तह मिलान भएका कर्मचारीहरुको आठौं तहमा तह बृद्धि गर्ने व्यवस्थामा कानूनी अस्पष्टता रहेको, स्थानीय तहमा छैठौ तहमा समायोजन भएका र लोकसेवा आयोगबाट छैठौं तहमा नियुक्ति पायका हाल सातौं तहका कर्मचारीले आफूहरु आठौं तहमा तह वृद्धि हुन पाउँ भनि निवेदन दिएका, स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ मा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएका र पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका कर्मचारीहरुलाई तह वृद्धि गर्न सकिने व्यवस्था भएको र ऐनको दफा ७ मा तह मिलान गर्दा छैठौ तहमा नियुक्ति भएको मितिबाटै जेष्ठता कायम हुने व्यवस्था रहेकोले र प्रदेशले विभिन्न मितिमा गरेका परिपत्रहरुमा समेत जेष्ठतालाई आधार मानी तह वृद्धि गर्न सकिने देखिएकोले हाल सातौं तहमा रहेका तपसिल बमोजिमका कर्मचारीहरुलाई अघिल्लो पदमा तह मिलान हुँदा जेष्ठता लागुहुने मितिबाट ५ वर्ष पछिदेखि जेष्ठता कायम हुने मिति उल्लेख गरी आठौं तहमा तह बृद्धि गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | कर्मचारीको नाम | पद | कर्मचारी संकेत नं. |
|---|---|---|---|
| १ | शान्तराज आचार्य | प्रशासकीय अधिकृत | ५-३८-४१८१-०१५२२ |
| २ | सुरज घिमिरे | ईन्जिनियर | ५-३८-४१८१-०२५०३ |
| ३ | सुनिल श्रेष्ठ | ईन्जिनियर | २३८८०१ |
| ४ | सन्जु देवी आचार्य | लेखा अधिकृत | २३५७४३ |
| ५ | रोशन घिमिरे | शिक्षा अधिकृत | २३९३४९ |
| ६ | अमृता पौडेल | प्रशासकीय अधिकृत | २३५५५८ |

**प्रस्ताव नं. १७.३ कक्षा ८ को ग्रेडबृद्धि परीक्षाको खर्च सम्बन्धमा,**

**निर्णय नं. १७.३** यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार कक्षा ८ को परीक्षा सञ्चालन खर्च शिर्षकमा मात्र बजेट बिनियोनन गरिएको तर पछि कक्षा ८ को ग्रेडबृद्धि परीक्षा सञ्चालन गर्नुपर्ने भएकोले उक्त कार्यको लागि बजेटको व्यवस्था नभएकोले खर्च भएको रु. २ लाख ६५ हजार रकम परीक्षा सञ्चालन तथा व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १७.४ कप्टैया खुला व्यामशाला सम्बन्धमा,**

**निर्णय नं. १७.४** स्वास्थ्य कार्यालय तौलिहवा, कपिलवस्तु मार्फत यस नगरपालिका वडा नं. २ कप्टैयामा निर्माण भई सम्पन्न भएको खुला व्यामशालामामा तारबार र ढलाईको काम थप गर्नुपर्ने देखिएकोले उक्त कार्य गर्नको लागि लागत अनुमान अनुसार रु.२६३०६४।– रकम म्याचिङ फन्डबाट भुक्तानी हुने गरी व्यवस्था मिलाउने निर्णय गरियो।

CamScanner

**प्रस्ताव नं. १७.५ वडा नं. ४ मर्मत सम्भार सम्बन्धमा,**

**निर्णय नं. १७.५** वडा नं. ४ को कार्यालय मर्मत सम्भार गर्नुपर्ने भएकोले निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु. २ लाख बजेट व्यवस्थापन गरी तत्काल मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.६ अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री व्यवस्थापन सम्बन्धमा,**

**निर्णय नं. १७.६** यस नगरपालिकाको चालु आ.व. ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम **अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री खरिद तथा वितरण** का लागि पेज नं १४७, सि.नं. २१ र २२ मा गरी जम्मा रु.४,००,०००।-(अक्षरुपी चार लाख रुपैंया) बजेट बिनियोजन भएकोमा अपाङ्ता भएका व्यक्तिहरुले प्रयोग गर्ने कुनै कुनै सामग्री एक लाख माथिका सम्म मूल्य भएका पाइएकोले प्रति व्यक्ति रु.५०,०००।-(अक्षरुपी पचास हजार रुपैंया) भन्दा माथिको मूल्य पर्ने सहायक सामग्री वितरण गर्नु पर्ने भएमा ५०% सेवाग्राहीको लागत सहभागितामा वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.७ प्रदेश समपुरक योजना सम्बन्धमा,**

**निर्णय नं. १७.७** बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको मितिः२०८२।१२।३० को निर्णयानुसार जीतपुर-उप्टहवा-नन्दनगर सडक कालोपत्रे को लागि प्रदेश समपुरक योजनाको रुपमा सिफारिस गरी पठाईएको र उक्त योजनामा आर्थिक वर्ष २०८३।०८४को लागि संघीय योजनाको रुपमा ५ करोड विनियोजन भएको पाईएकोले मितिः२०८३।०२।२५ गतेको नगर कार्यपालिका बैठकबाट समपुरक योजनाको रुपमा बैरिया-राजपुर-नन्दनगर सडक स्तरोन्नतरी (कालोपत्रे) योजना रु ३ करोड नगरपालिका र रु.३ करोड गरी कूल जम्मा ६ करोडको समपुरक योजना लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा आवश्यक बजेट व्यवस्थाको लागि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.८ बाणगङ्गा नगरपालिकाको १९औं नगरसभाको कार्यसूची सम्बन्धमा,**

**निर्णय नं. १७.८** मितिः२०८३।०२।२७ गते बुधवारको दिन नगरपालिकाको सभाहलमा सञ्चालन हुने बाणगङ्गा नगरपालिकाको १९औं नगरसभाको कार्यसूची अनुसूची-१ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.९ आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १७.९** बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रममाथी बुँदागत छलफल भयो उक्त नीति तथा कार्यक्रम सभामा पेश गर्ने गरी नगरसभामा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १७.१० बाणगङ्गा नगरपालिकको स्थिति पत्र सम्बन्धमा,**

**निर्णय नं. १७.१०** बाणगङ्गा नगरपालिकाले स्थानीय तहको गठन पश्चात हाँसिल गरेका उपलब्धिहरु सहितको स्थितीपत्रमाथी छलफलको लागि टेबुल गर्ने गरी नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.११ शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धमा,**

**निर्णय नं. १७.११** बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको विद्यार्थीको संख्यालाई मध्येनजर गर्दै अति कम विद्यार्थी भएका र संख्या वृद्धि हुन सम्भावना नभएका विद्यालयहरुलाई समायोजन गर्ने र समायोजन भएका विद्यालयमा रहेका शिक्षक दरबन्दी समेत मिलान हुने गरी अनुसूची-२ बमोजिम विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१७.१२ पिपरा अस्पतालको डि.पि.आर. सम्बन्धमा,**

**निर्णय नं. १७.१२** Province Engineering and Technical Lab Pvt. Ltd. सुनवल-०५ नवलपरासी मार्फत कार्यपालिका बैठकमा प्रस्तुत भई छलफल भएको पिपरा अस्पतालको डि.पि.आर. स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १७.१३ कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा,**

**निर्णय नं. १७.१३** वडा नं. १ को कार्यालयको मितिः२०८३।०२।२०को पत्रानुसार वडा अध्यक्ष श्री सञ्जु कुमार सारु माग आफ्नो व्यक्तिगत कामले लामो समय वडा कार्यालयमा उपस्थित हुन नसक्ने भएकोले सोही वडाका वडा सदस्य श्री राजकुमार थारुलाई कार्यवाहक दिएकोले कार्य बाहक वडा अध्यक्षको रुपमा कार्यपालिकामा समेत सहभागी हुने गरी निर्णय गरियो।

**प्रस्ताव नं. १७.१४ विविध।**

**निर्णय नं. १७.१४.१** यसै बाणगङ्गा नगरपालिका वडा नं. ८ निवासी श्री टुकलाल गैरेकी धरमपत्नी सरिता अधिकारीको क्यान्सर रोग लागि लामो समय उपचारार्थ रहेको र पारिवारिक आर्थिक अवस्था कमजोर हुँदै गएकोले श्री टुकलाल गैरेलाई श्रीमतीको उपचारको लागि रु.६०,०००।– रु.साठीहजार प्रकोप व्यवस्थापन कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

अनुसूची-१

बाणगङ्गा नगरपालिका
१९औं नगर सभा

## उन्नाईसौं नगर सभाको कार्यसूची र समय तालिका

सभा संख्याः १९ पहिलो बैठक सभा सञ्चालन स्थानः नगर सभा हल

अध्यक्षताः श्री चक्रपाणी अर्याल मितिः२०८३।०२।२७

| मिति | बैठक बस्ने समय | कार्य सूची | सञ्चालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | राष्ट्रिय गान | | |
| २०८३।०२।२७ | ०८:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| ,, ,, | ०८:०० | कार्यक्रम शुरु भएको घोषणा<br>सम्बोधन<br>सहिदहरु प्रति मौनधारण | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| ,, ,, | ०८:१० | आ.व.२०८३।०८४ को प्राथमिकता र सिद्धान्त प्रस्तुत | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०८:४५ | स्थितिपत्र प्रस्तुत | नगर उपप्रमुख श्री रीता कुमारी चौधरी | |
| | ९:१० | नीति तथा कार्यक्रमका सम्बन्धमा सभामा आफ्नो केही भनाई भए राख्न | खुल्ला | |
| | ०९:१५ | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्न | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०९:३० | कार्यक्रमको समापन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची-२

**(निर्णय १७.११ संग सम्बन्धित)**

**विद्यालय समायोजनका आधारहरु,**

यस बाणगङ्गा नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा धार्मिक विद्यालयको सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७, बाणगङ्गा नगरपालिकाको विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि २०७७, तथा प्रचलित शिक्षा ऐन तथा नियमावली बमोजिम देहाय बमोजिमका आधारहरु लिई विद्यालय समायोजन गर्ने ।

**विद्यालय समायोजनका आधारहरु:**

१. विद्यार्थी संख्याः कुनै विद्यालयमा तहगत रुपमा देहाय अनुसारको विद्यार्थी संख्या नभएका नजिकैको विद्यालयहरुः ।

| क.सं | बालविकास | कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|---|
| १ | १० | ३० | ५० | ६० | ५० | ५० |

क. नजिकैको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालयलाई न्यूनतम विद्यार्थी संख्या नपुगेमा विद्यालय समायोजन गर्न बाध्य पारिने छैन । तर कक्षा समायोजन गर्न सकिनेछ ।

२. विद्यालय आवतजावत गर्न लाग्ने समयः विद्यालयहरुबिचको दुरी ५ किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरु,

३. दुई वा दुई भन्दा बढी विद्यालय समायोजन गर्न वा तह तथा कक्षा घटाउँदा दरबन्दी मिलान सम्बन्धी अध्ययन् कार्यदल र दरबन्दी मिलान समितिले नगर शिक्षा समिति समक्ष पेस गरी नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

४. विद्यालयको स्तर वृद्धिका लागि आवश्यक विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र समुदायबाट पर्याप्त सहयोग प्राप्त हुन नसकी विद्यार्थी, शिक्षक तथा विद्यालयहरुबीच प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु समायोजन गर्न सकिनेछ ।

५. अन्य विद्यालयमा समायोजित भएको विद्यालयको भौतिक सम्पत्ति समायोजनपछि बन्ने विद्यालयले आवश्यकतानुसार प्रारम्भिक बालविकास सहितका प्रारम्भिक कक्षा सञ्चालन, कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, छात्रावास, विद्यालयको प्रशासनिक कार्यसञ्चालन जस्ता कार्यमा उपयोग गर्ने गरी भोगचलन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय सञ्चालनमा समेत उपयोग गर्न सकिनेछ ।तर व्यापार व्यवसाय गरी आय आर्जन गर्ने प्रयोजनका लागि यस्ता भौतिक संरचनाहरु प्रयोग गर्न पाइनेछैन ।यसरी प्रयोगमा ल्याउनु पूर्व नगरपालिकाको अनुमति लिनु अनिवार्य हुनेछ ।

CamScanner

६. विद्यालय समायोजनपछि समायोजित विद्यालयको शिक्षक दरबन्दी नगरपालिकाको पुल दरबन्दीमा राखिनेछ र आवश्यकता अनुसार तहगत रुपमा विद्यार्थी संख्या बढी र शिक्षक संख्या कम भएका तोकिए बमोजिमको शिक्षक विद्यार्थी अनुपात तथा विषयगत शिक्षकको उपलब्धताको आधारमा सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन गरिनेछ ।

७. समायोजित विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास तर्फका सहजकर्ता प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन हुँदासम्म सोही केन्द्रमा कार्यरत रहनेछन् ।तर उक्त विद्यालयमा बालविकास केन्द्र सञ्चालन नभएको अवस्थामा सहजकर्तालाई आवश्यकता अनुसार अन्य विद्यालयमा स्थानान्तरण गरिनेछ ।

८. समायोजन भएका विद्यालयहरुले आफ्नो चल सम्पत्ति, विद्यालय संचालन तथा व्यवस्थापन सम्बन्धी कागजात, विद्यार्थी अभिलेख तथा अन्य सामाग्रीहरु समायोजन भइ एकिकरण भएको विद्यालयलाई हस्तान्तरण गर्नुपर्ने छ।

९. समायोजन भएको विद्यालयहरूको सबै अचल सम्पत्ति दाखिला खारेज गरी नयाँ कायम हुने विद्यालयको वा नगरपालिकाको नाममा कायम गर्नका लागि नगर कार्यपालिकाको सिफारिसमा मालपोत कार्यालयमा पठाउनु पर्नेछ । साथै दाखिला खारेज भएको बेहोराको जानकारी नगरपालिकाले मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र समेतलाई जानकारी दिनु पर्नेछ ।

१०. समायोजन भएको विद्यालयले IEMIS प्रणालीमा रहेका विद्यार्थीहरुलाई समायोजन भइ एकिकरण भएको विद्यालयमा र शिक्षकहरुको हकमा सरुवा पदस्थापन भएको विद्यालयमा स्थानान्तरण गर्ने ।

११. विद्यालय समायोजन भइ प्रारम्भिक बालविकास तह मात्रै संचालन भएको उक्त बालविकास तहको रेखदेख, संचालन र व्यवस्थापन समायोजन भइ एकिकरण भएको विद्यालयले गर्नुपर्नेछ।

१२. विद्यालय सञ्चालन, व्यवस्थापन, नियमन अनुगमन तथा सुपरिवेक्षण, रेखदेख, समन्वय र सहकार्य गरि शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक हबका रुपमा बाणगङ्गा नगरपालिकालाई विकास गर्न बिग स्कुलको अवधारणालाई आत्मसात गर्दै क्रमश विद्यालय समायोजन कार्यलाई निरन्तरता दिनुपर्ने छ।

## <u>शिक्षक दरबन्दी मिलानका आधारहरु</u>

प्रस्ताव नं २ माथी छलफल गर्दा शिक्षक दरबन्दी मिलानका लागि देहाय बमोजिमका आधारहरुलाई लिई शिक्षक दरबन्दी मिलानका लागि नगर शिक्षा समितिको सिफारिस अनुसार गर्ने ।

<u>शिक्षक दरबन्दी मिलानका आधारहरु:</u>

१. शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी वा अनुदान नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गरिनेछ ।

२. शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी बढी भइ दरबन्दी कटौती हुने विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये तहगत रुपमा कनिष्टता (नियुक्ति) का आधारमा वा सम्बन्धित तहमा कार्यरत

शिक्षकहरु आफूहरुमध्येबाट स्व-इच्छाले जान चाहेमा संयुक्त निवेदनका आधारमा नगरपालिका अन्तर्गत संचालित विद्यालयमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ ।

३. शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको अन्य विद्यालयमा तहगत वा विषयगत रुपमा प्राप्त निवेदनका आधारमा शैक्षिक योग्यता र नियुक्तिको जेष्ठताका आधारमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिने छ ।

४. शिक्षक व्यवस्थापन गर्दा तोकिएको समयमा निवेदन प्राप्त नभएमा अन्य विद्यालयलाई पर्न सक्ने शैक्षिक क्षतिलाई मध्यनजर गर्दै शिक्षक व्यवस्थापन गर्न बाधा पुग्ने छैन ।

**५. शिक्षक व्यवस्थापनका आधारहरु:**

१. दरबन्दी मिलान तथा समायोजन गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र समायोजन गरिनेछ ।

क) खुद पुलमा रहेको तहको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण तथा समायोजन गर्ने,

ख) खुद पुलमा रहेको तहको दरबन्दी मिलान तथा समायोजन गर्दा सम्भव भएसम्म रिक्त रहेको स्वीकृत दरबन्दीलाई स्थानान्तरण तथा समायोजन गर्ने,

ग) स्वीकृत दरबन्दीमा अस्थायी/करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण तथा समायोजन गर्ने ।

घ) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण तथा समायोजन गर्ने ।

ङ) स्वीकृत दरबन्दीमा कार्यरत स्थायीं शिक्षकको हकमा सम्बन्धित तह र श्रेणीको नियुक्ति मितिको आधार लिई कनिष्ठताका आधारमा स्थानान्तरण तथा समायोजन गर्ने र नियुक्ति मिति समान भएमा देहायको आधार लिने ।

अ) बुँदा नम्बर (ङ) बमोजिम कनिष्ठता नछुट्टिए सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिलाई आधार लिने,

आ) बुँदा नम्बर (अ) बाट समेत कनिष्ठता नछुट्टिए सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्तिको मितिलाई आधार लिने,

इ) बुँदा नम्बर (ङ) को (अ) र (आ) बाट समेत कनिष्ठता नछुट्टिएमा बुँदा नम्बर (ङ) बमोजिमको निज शिक्षकको कार्यरत सम्बन्धित तह र श्रेणीको नियुक्तिको सिफारिस योग्यताक्रमलाई आधार लिने र सोबाट कनिष्ठता नछुट्टिएमा सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यताको प्राप्त प्रतिशत वा ग्रेड प्वाइन्ट र माथिल्लो शैक्षिक योग्यताको प्रतिशत वा ग्रेड प्वाइन्टलाई समेत आधार लिने ।

CamScanner

ई) स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार शिक्षक र राहत अनुदानमा कार्यरत शिक्षकको हकमा समेत अस्थायी नियुक्ति मिति समान भई कनिष्ठता नछुट्टिएमा बुँदा नम्बर (ङ) को उपबुँदा (इ) लागु हुने ।

उ) महिला र अपाङ्गता (आरक्षण कोटाबाट नियुक्ति भएका) भएका शिक्षकको हकमा सम्बन्धित शिक्षकको रोजाइका आधारमा स्थानान्तरण तथा समायोजनको व्यवस्था गर्ने ।

ऊ) बुँदा नम्बर (ङ) बमोजिम महिला र अपाङ्गता भएका शिक्षकको हकमा स्थानान्तरण तथा समायोजन गर्दा रोजाइका आधारमा स्थानान्तरण तथा समायोजन गर्दा रोजाइका क्षेत्र एउटै भएमा जेष्ठताको आधारमा गर्ने र विद्यालय छनौटका लागि निवेदन नदिएमा अर्को विद्यालयलाई पर्न सक्ने शैक्षिक क्षतिलाई मध्यनजर गर्दै स्थानान्तरणलाई बाधा पर्ने छैन ।

ए) दिइएका आधारहरुमा शिक्षक दरबन्दी कटौती हुने विद्यालयका शिक्षकहरुले नगरपालिकाको सूचना अनुसार निवेदन दिनुपर्नेछ र प्राप्त निवेदनका आधारमा महिला, अपाङ्गताको हकमा नियुक्तिको जेष्ठता तथा रोजाइका प्राथमिकता आधार र अन्यको हकमा नियुक्तिको जेष्ठता बमोजिम रोजाइको प्राथमिकताका आधारमा शिक्षक व्यवस्थापन गर्नुपर्ने छ ।

<u>शिक्षक विद्यार्थी अनुपातः</u>

नगरपालिकाको मौजुदा तहगत स्वीकृत दरबन्दी तथा राहत अनुदान, विद्यालयको तहगत तथा विषयगत आवश्यकता, माथिल्लो शैक्षिक योग्यता, शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी समायोजन तथा मिलान गर्दा देहाय बमोजिमको मापदण्ड अनुसार गरिनेछ।

| क्र.सं | तह | विद्यार्थी संख्या | दरबन्दी |
|---|---|---|---|
| १ | ECD | १० | न्यूनतम एक जना (थप दरबन्दीको हकमा २५ जना भन्दा बढी विद्यार्थी संख्या भए नगरपालिकाको स्वीकृत दरबन्दी भित्र रही विद्यालयको आवश्यकता र औचित्यताका आधारमा थप गर्न सकिनेछ।) |
| २ | कक्षा १-३ | ५० भन्दा कम भएमा | २ दरबन्दी वा राहत अनुदान |
| | | ५० भन्दा बढी भएमा | ३ दरबन्दी वा राहत अनुदान |
| ३ | कक्षा १-५ | ३० भन्दा कम भएमा | २ दरबन्दी वा राहत अनुदान |
| | | ३० देखी ७० भन्दा कम भएमा | ३ दरबन्दी वा राहत अनुदान |
| | | ७० देखी ११० भन्दा कम भएमा | ४ दरबन्दी वा राहत अनुदान |
| | | ११० देखी १५० | ५ दरबन्दी वा राहत अनुदान |

CamScanner

| | | | |
|---|---|---|---|
| | | सम्म भएमा | |
| | | १५० भन्दा बढी भएमा | ३५ विद्यार्थी बराबर १ दरबन्दी थप गर्ने ( थप गर्दा न्यूनतम विद्यार्थी सङ्ख्याको ५० प्रतिशत वा सो भन्दा बढी हुनु पर्नेछ।) |
| ४ | कक्षा ६-८ | न्यूनतम १५० विद्यार्थी सम्म | न्यूनतम ४ दरबन्दी कायम गरिने । |
| | | १५० भन्दा बढी विद्यार्थी भएमा | ४५ विद्यार्थी बराबर १ दरबन्दी थप गर्ने ( थप गर्दा न्यूनतम विद्यार्थी सङ्ख्याको ५० प्रतिशत वा सो भन्दा बढी हुनु पर्नेछ।) |
| ५ | कक्षा ९-१० | दरबन्दी कट्टा भइ नगरपालिकाको पुल दरबन्दीमा रहेका शिक्षकको हकमा | प्राथमिक र निम्न माध्यमिक तहमा कार्यरत शिक्षकको माथिल्लो शैक्षिक योग्यताका आधारमा माध्यमिक तहमा शिक्षक व्यवस्थापन गरिने छ। |

<u>विद्यालय तथा तह/कक्षा समायोजन</u>

निर्णय नं ३: प्रस्ताव नं ३ उपर छलफल गर्दा शैक्षिक वर्ष २०८२ को IEMIS मा प्रविष्ट विद्यालयको विद्यार्थी संख्या तथा स्थलगत अनुगमनका आधारमा प्राप्त तथ्याङ्क बमोजिम सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन कार्यविधि २०७७ अनुसार न्यूनतम विद्यार्थी संख्या नरहेको तथा शिक्षक विद्यार्थीको अनुपात कम रहेको देखिएकोले तपसिलका विद्यालयहरु तथा तह समायोजन गर्ने ।

<u>तपसिल:</u>

| क्र. सं | समायोजन हुने विद्यालयको नाम | सञ्चालित कक्षा/तह | विद्यालयमा रहेको विद्यार्थी संख्या २०८२ | न्यूनतम हुनुपर्ने विद्यार्थी संख्या | सिफारिस समायोजन तह/कक्षा | कायम हुने तह | समायोजन भई कायम हुने विद्यालय |
|---|---|---|---|---|---|---|---|
| १ | श्री शारदा आधारभूत विद्यालय, बाणगङ्गा-१०, मझौवा, कपिलवस्तु | ECD देखी कक्षा ३ | ECD: ६<br>१-३:० | ECD: १०<br>१-३: ३० | कक्षा १-३ | प्रारम्भिक बालविकास तह (ECD) | श्री आदर्श आ.वि भङ्गीहवा |
| २ | श्री कोठिनदी आ.वि,गोगापुर, बाणगङ्गा-१०, कपिलवस्तु | ECD देखी कक्षा ३ | ECD:१४<br>१-३: ८ | ECD: १०<br>१-३: ३० | कक्षा: १-३ | प्रारम्भिक बालविकास तह (ECD) | श्री सरस्वती आ.वि, बनगवा |

CamScanner

| क्र. सं | समायोजन हुने विद्यालयको नाम | सञ्चालित कक्षा/तह | विद्यालयमा रहेको विद्यार्थी संख्या २०८२ | न्यूनतम हुनुपर्ने विद्यार्थी संख्या | सिफारिस समायोजन तह/कक्षा | कायम हुने तह | समायोजन भई कायम हुने विद्यालय |
|---|---|---|---|---|---|---|---|
| ३ | श्री गौतम बुद्ध आ.वि, बाणगङ्गा-०९, कुसुमडाँडा, कपिलवस्तु | ECD देखी कक्षा ५ | ECD: ९<br>१-५: २० | ECD: १०<br>१-५: ५० | कक्षा १-५ | प्रारम्भिक बालविकास तह (ECD) देखी कक्षा ३ | भौगोलिक दुरी |
| ४ | श्री अन्तर्राष्ट्रिय युवा वर्ष आ.वि, बाणगङ्गा न.पा-०५, सिमलखोर | ECD देखी कक्षा ५ | ECD: ८<br>१-५: २३ | ECD: १०<br>१-५: ५० | कक्षा ४-५ | प्रारम्भिक बालविकास तह (ECD) देखी कक्षा ३ | भौगोलिक दुरी |
| ५ | श्री बाल आ.वि, बाणगङ्गा-१०, बनकट्टा | कक्षा १ देखी ५ | १-५: १९ | १-५: ५० | कक्षा ४-५ | कक्षा १-३ | भौगोलिक दुरी |
| ६ | श्री दुर्गा भवानी आ.वि, बाणगङ्गा-०३, कर्महना | ECD देखी कक्षा ८ | ECD: २३<br>१-५: २८<br>६-८: १७ | ECD: १०<br>१-५: ५०<br>६-८: ६० | कक्षा ६-८ | ECD देखी कक्षा ५ | |
| ७ | श्री शान्ती आ.वि, बाणगङ्गा-०४, डुङ्गहवा | ECD देखी कक्षा ८ | ECD: ८<br>१-५: २५<br>६-८: २० | ECD: १०<br>१-५: ५०<br>६-८: ६० | कक्षा ६-८ | ECD देखी कक्षा ५ | |
| ८ | श्री जनसहयोग आ.वि, बाणगङ्गा-११, मैनहरा | ECD | ECD: ४ | ECD: १० | समायोजन | ECD सहित पूर्ण समायोजन | श्री सरस्वती आ.वि, ठाँटीमा व्यवस्थापन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | श्री मधौलिया बालविकास केन्द्र, मधौलिया, बा.न.पा-०५ | | | | | समायोजन | श्री मा.वि झण्डा |
| १० | श्री बोलबमधाम बालविकास केन्द्र, लक्ष्मणघाट, बा.न.पा-०६ | | | | | समायोजन | श्री लक्ष्मणघाट मा.वि, लक्ष्मणघाट |
| ११ | श्री सुपादेउराली बालविकास केन्द्र, मोतिपुर, बा.न.पा-०७ | | | | | समायोजन | श्री जनज्योती मा.वि, मोतिपुर |
| १२ | श्री जलेश्वर बालविकास केन्द्र, बालापुर, बा.न.पा-०८ | | | | | समायोजन | श्री बाणगङ्गा मा.वि, लौगाई |
| १३ | श्री सानाकिसान बालविकास केन्द्र, भरतापुर, बा.न.पा-०९ | | | | | समायोजन | श्री भरतापुर आ.वि, भरतापुर |
| १४ | श्री नमुना बालविकास केन्द्र, बा.न.पा-०९, भलवाड | | | | | समायोजन | श्री शुद्धोदन जनजीवन मा.वि, जिनुवा |
| १५ | श्री कोटिहवा बालविकास केन्द्र, वर्दहवा, बा.न.पा-०९ | | | | | समायोजन | श्री बाल कल्याण आ.वि, वर्दहवा |
| १६ | श्री चौधरी बालविकास केन्द्र, सानोठेकइ, बा.न.पा-१० | | | | | समायोजन | श्री कामता मा.वि, करैलिया |

**शिक्षक दरबन्दी मिलान**

| क्र.सं | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | मौजुदा दरबन्दी | | | | कटौती हुने दरबन्दी | थप हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ECD | प्राथमिक | नि.मा | माध्यमिक | | |

CamScanner

| क.सं | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | मौजुदा दरबन्दी | | | | कटौती हुने दरबन्दी | थप हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ECD | प्राथमिक | नि.मा | माध्यमिक | | |
| १ | श्री सिद्धार्थ मा.वि, बुङ्गची | ECD: ११५<br>१-५ १४०<br>६-८: १०३<br>९-१०: ७५ | १ | ६ | ३ | २ शि स अ | ० | निम्न माध्यमिक र माध्यमिक तहमा प्राथमिक तहको १/१ दरबन्दी थप |
| २ | श्री बाल मा.वि, बैरिया | ECD: १२८<br>१-५ १९८<br>६-८: २२०<br>९-१०: १५० | १ | ७ | ४ | ५ | ० | निम्न माध्यमिक तहमा प्राथमिक तहको १ दरबन्दी थप |
| ३ | श्री पद्म आ वि, बैजलपुर | ECD: ३४<br>१-५ ७८<br>६-८: ८० | १ | ६ | २ | - | ० | प्राथमिक तहको २ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन |
| ४ | श्री जनता मा वि, पिपरा | ECD: २०५<br>१-५ ५३०<br>६-८: ६०४<br>९-१०:५७९ | २ | १४ | ५ | ६ | ० | निम्न माध्यमिक र माध्यमिक तहमा प्राथमिक तहको १/१ दरबन्दी थप |
| ५ | श्री कपिलवस्तु आ.वि राजपुर | ECD: २२<br>१-५ ७६ | १ | ५ | | | प्राथमिक तहको १ दरबन्दी कटौती | ० |
| ६ | श्री बालज्योति आ.वि कप्टैया | ECD: १०<br>१-५ ४३ | १ | ५ | | | प्राथमिक तहको १ दरबन्दी कटौती | ० |
| ७ | श्री गौरी भवानी मा.वि, भक्तौली | ECD: २९<br>१-५ ६५<br>६-८: ५०<br>९-१०: ३४ | १ | ६ | ३ | ३ (१+२ शि.स. अ) | प्राथमिक तहबाट २ दरबन्दी माध्यमिक तहमा समायोजन | निम्न माध्यमिक तहमा प्राथमिक तहको १ दरबन्दी थप |

CamScanner

| क.सं | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | मौजुदा दरबन्दी | | | | कटौती हुने दरबन्दी | थप हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ECD | प्राथमिक | नि.मा | माध्यमिक | | |
| ८ | श्री दुर्गा भवानी आ.वि कर्महना | ECD: २४<br>१-५ २८<br>६-८: १७ | १ | ४ | १ शि.स.अ. | - | प्राथमिक तहको १ दरबन्दी र १ शि.स.अ कटौती | ० |
| ९ | श्री कोटिया आ.वि गंगौलिया | ECD: ९<br>१-३:१७ | १ | २ | - | - | प्राथमिक तहको १ दरबन्दी कटौती | ० |
| १० | श्री सरस्वती आ.वि, ठाँटी | ECD: १७<br>१-३: २३ | ० | २ | - | - | ० | ० |
| ११ | श्री शान्ती आ.वि, डुँगहवा | ECD: ८<br>१-५: २५<br>६-८: २० | १ | ६ | १ शि स अ | | प्राथमिक तहको २ दरबन्दी र १ शि.स.अ कटौती | ० |
| १२ | श्री सिद्धार्थ आ.वि, गजेहडा | ECD: ३१<br>१-५: १०४<br>६-८: ५४ | १ | ६ | २ | - | प्राथमिक तहबाट २ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन | ० |
| १३ | श्री वाणगंगा मा.वि, गजेहडा | ECD: ८३<br>१-५: १९७<br>६-८: २०५<br>९-१०:२४९ | १ | ११ | ४ | ६ | प्राथमिक तहबाट १ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन | |
| १४ | श्री महेन्द्र मा.वि कोपवा | ECD: ३२<br>१-५: ९३ | २ | ६ | ४ | ५ | ० | ० |

| क.सं | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | मौजुदा दरबन्दी | | | | कटौती हुने दरबन्दी | थप हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ECD | प्राथमिक | नि.मा | माध्यमिक | | |
| | | ६-८: १४०<br>९-१०:११० | | | | | | |
| १५ | श्री अन्तराष्ट्रिय युवा वर्ष आ.वि सिमलखोर | ECD: ८<br>१-५: २३ | १ | ३ | | | प्राथमिक तहको १ दरबन्दी कटौती | ० |
| १६ | श्री श्यामा आ.वि मटेरिया | ECD: १०<br>१-५: ४२ | १ | ३ | - | - | ० | ० |
| १७ | श्री मा वि झण्डा | ECD: १८<br>१-५: ३३<br>६-८: ५७<br>९-१०:३० | १ | ८ | ४ | ३ | प्राथमिक तहको २ दरबन्दी कटौती | माध्यमिक तहमा प्राथमिक तहको २ दरबन्दी समायोजन |
| १८ | श्री लक्ष्मणघाट मा.वि, क्ष्मणघाट | ECD: ९६<br>१-५: १३७<br>६-८: ९६<br>९-१०:७० | १ | ५ | ३ | ३ | | निम्न माध्यमिक र माध्यमिक तहमा प्राथमिक तहको १/१ दरबन्दी थप |
| १९ | श्री ज्ञानोदय आ.वि, सुठौली | ECD: १३<br>१-५: ३०<br>६-८: ४३ | १ | ५ | १ शिस अ | | प्राथमिक तहबाट ३ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन | |
| २० | श्री नवदुर्गा आ.वि, मोतिपुर डाँडा | ECD: १०<br>१-५: ७६<br>६-८: ७३ | १ | ६ | ३ | | प्राथमिक तहको १ दरबन्दी कटौती र | प्राथमिक तहबाट १ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन |
| २१ | श्री जनचेतना | ECD: २४ | १ | ४ | १ शि | - | ० | निम्न माध्यमिक |

CamScanner

| क.सं | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | मौजुदा दरबन्दी | | | | कटौती हुने दरबन्दी | थप हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ECD | प्राथमिक | नि.मा | माध्यमिक | | |
| | आ.वि, बनगाई | १-५: ९३<br>६-८: ८३ | | | स अ | | | तहमा प्राथमिक तहको २ दरबन्दी थप |
| २२ | श्री जनज्योति मा.वि मोतिपुर | ECD: ३४<br>१-५: १०१<br>६-८: १०९<br>९-१०:१२४ | १ | ६ | ४ | ६ | प्राथमिक तहको १ दरबन्दी कटौती | |
| २३ | श्री जनसेवा आ.वि, उदयपुर | ECD: २९<br>१-५: ५९<br>६-८: ४७ | १ | ७ | २ | | प्राथमिक तहको १ दरबन्दी कटौती | प्राथमिक तहबाट २ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन |
| २४ | श्री वाणगङ्गा मा.वि, लौगाई | ECD: १०९<br>१-५: २६७<br>६-८: ३५३<br>९-१०:४०२ | १ | ८ | ३ | ५ | ० | निम्न माध्यमिक तहमा प्राथमिक तहको २ दरवन्दी थप |
| २५ | श्री जननी आ.वि मधुबन | ECD: २३<br>१-५: ११७<br>६-८: ८९ | १ | ६ | १ शि स अ | | प्राथमिक तहबाट १ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन | निम्न माध्यमिक तहमा प्राथमिक तहको १ दरबन्दी थप |
| २६ | श्री सूर्योदय आ.वि चप्परगाँउ | ECD: ५३<br>१-५: १०७<br>६-८: ६३ | १ | ४ | १ शि स अ | | ० | निम्न माध्यमिक तहमा प्राथमिक तहको २ दरबन्दी थप |
| २७ | श्री शुद्धोदन जन जीवन मा.वि जिनुवा | ECD: ९<br>१-५: २०<br>६-८: ३०<br>९-१०:११७ | १ | ५ | ४ | ४ | प्राथमिक तहको १ दरबन्दी कटौती र माध्यमिक | प्राथमिक तहबाट १ दरवन्दी माध्यमिक तहमा समायोजन |

| क.सं | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | मौजुदा दरबन्दी | | | | कटौती हुने दरबन्दी | थप हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ECD | प्राथमिक | नि.मा | माध्यमिक | | |
| | | | | | | | तहको सामाजिक विषयको राहत अनुदानमा निम्न माध्यमिक तहको सामाजिक विषयको स्वीकृत दरबन्दीको पारस्परिक गरी समायोजन | |
| २८ | श्री बालकल्याण आ.वि, बर्दहवा | ECD: १४<br>१-५: ४०<br>६-८: ३५ | १ | ६ | १ | - | प्राथमिक तहबाट ३ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन | |
| २९ | श्री राम आ. वि, पडेरिया | ECD: ३९<br>१-५: १०५<br>६-८: ५७ | १ | ६ | १ शिसअ | | प्राथमिक तहबाट २ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन | निम्न माध्यमिक तहमा प्राथमिक तहको १ दरबन्दी थप तथा निम्न माध्यमिक तहको १ शिक्षण सहयोग अनुदान कोटा थप |
| ३० | श्री भर्तापुर | ECD: १७ | १ | ५ | १ | | प्राथमिक | निम्न माध्यमिक |

CamScanner

| क्र.सं | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | मौजुदा दरबन्दी | | | | कटौती हुने दरबन्दी | थप हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ECD | प्राथमिक | नि.मा | माध्यमिक | | |
| | आ.वि, भर्तापुर | १-५: ६६<br>६-८: ५३ | | | शि स अ | | तहबाट १ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन | तहमा प्राथमिक तहको २ दरबन्दी थप |
| ३१ | श्री गौतमबुद्ध आ.वि, कुसुमडाँडा | ECD: ९<br>१-५: २० | १ | ३ | | | प्राथमिक तहको २ दरबन्दी कटौती | ० |
| ३२ | श्री कामता मा.वि, करैलिया | ECD: ३१<br>१-५: ९४<br>६-८: १०७<br>९-१०:५४ | २ | ७ | ३ | २+१ शि स अ | प्राथमिक तहबाट १ दरबन्दी निम्न माध्यमिक तहमा र २ दरबन्दी माध्यमिक तहमा समायोजन र | निम्न माध्यमिक तहको सामाजिक विषयको स्वीकृत दरबन्दी कटौती गरी माध्यमिक तहको सामाजिक विषयको राहत अनुदान थप |
| ३३ | श्री जनकल्याण आ.वि, वालापुर | ECD: २०<br>१-५: ३५ | १ | २ | - | - | ० | ० |
| ३४ | श्री कोठीनदी आ.वि, गोगापुर | ECD: १४<br>१-३: ८ | १ | १ | - | - | प्राथमिक तहको १ दरबन्दी कटौती | ० |
| ३५ | श्री सरस्वती आ.वि, | ECD: २९<br>१-५: ८५ | १ | ३ | - | - | ० | प्राथमिक तहको १ दरबन्दी थप |

| क्र.सं | विद्यालयको नाम | तहगत विद्यार्थी संख्या | मौजुदा दरबन्दी | | | | कटौती हुने दरबन्दी | थप हुने दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | ECD | प्राथमिक | नि.मा | माध्यमिक | | |
| | बनगवा | | | | | | | |
| ३६ | श्री शारदा आ.वि, मझौवा | ECD: ६<br>१-३: ० | १ | १ | - | - | प्राथमिक तहको १ दरबन्दी कटौती | ० |
| ३७ | श्री बाल आ.वि, बनकट्टा | १-५: २५ | - | ३ | - | - | प्राथमिक तहको १ दरबन्दी कटौती | ० |
| ३८ | श्री नेपाल राष्ट्रिय आ.वि, अहिरौली | ECD: २१<br>१-५: ९४ | १ | ५ | | | प्राथमिक तहको १ दरबन्दी कटौती | |
| ३९ | श्री ओदारी मा.वि, ओदारी | ECD: ६३<br>१-५: १५८<br>६-८: १४०<br>९-१०:१२७ | २ | ८ | ४ | ४ | प्राथमिक तहबाट १ दरबन्दी माध्यमिक तहमा समायोजन | |
| ४० | श्री हेमराज मा.वि, हथौसा | ECD: ५३<br>१-५: १४१<br>६-८: १६७<br>९-१०:१५७ | २ | ८ | ४ | ७ | प्राथमिक तहबाट १ दरबन्दी निम्न माध्यमिक तहमा समायोजन | |
| ४१ | श्री सूर्योदय मा.वि, बरवा | ECD: २९<br>१-५: १२८<br>६-८: १३६<br>९-१०:९८ | २ | ९ | ४ | ५ | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४२ | श्री आदर्श आ.वि, भट्टिहवा | ECD: ३०<br>१-५: १२३<br>६-८: ५३ | १ | ५ | १ शि स अ | | ० | प्राथमिक तहको १ दरबन्दी थप र १ श्री जनसहयोग आ.वि मैनहारा को दरबन्दी पदस्थापनर निम्न माध्यमिक तहको १ शिक्षण सहयोग अनुदान कोटा थप |
| ४३ | श्री आधारभूत विद्यालय, घरबुधिया | ECD: १९<br>१-५: ९० | १ | ५ | | | प्राथमिक तहको १ दरबन्दी कटौती | ० |
| ४४ | श्री जनसहयोग आ.वि मैनहरा | ECD: ४ | १ | १ | | | ECD को १ र प्राथमिक तहको १ दरबन्दी कटौती | ० |

CamScanner

अनुदान कटौती हुने विद्यालय तथा शिक्षकहरुको विवरण

| क्र.सं. | प्राथमिक तहको दरबन्दी/राहत अनुदान कटौती र निम्न माध्यमिक तहको शिक्षण सहयोग अनुदान कटौती हुने विद्यालय | प्राथमिक तहको दरबन्दी/राहत अनुदान र निम्न माध्यमिक तहको शिक्षण सहयोग अनुदान कटौती संख्या | शिक्षकको नाम | नियुक्ति मिति | कटौती हुने प्राथमिक तहको दरबन्दी/राहत अनुदानर निम्न माध्यमिकत तहको शिक्षण सहयोग अनुदान |
|---|---|---|---|---|---|
| १ | श्री कपिलवस्तु आधारभूत विद्यालय, बाणगङ्गा-०२, राजपुर | १ | तेज कुमारी पन्थी | २०७९/१२/२१ | स्वीकृत दरबन्दी |
| २ | श्री बालज्योती आधारभूत विद्यालय, बाणगङ्गा-०२, कप्टैया | १ | प्रतिभा भट्टराई | २०६६/७/२२ | राहत अनुदान |
| ३ | श्री कोटिया आ.वि, बाणगङ्गा-०३, गंगौलिया | १ | शोभाखर भट्टराई | २०८१/१२/०७ | स्वीकृत दरबन्दी स्थायी |
| ४ | श्री शान्ती आ.वि, बाणगङ्गा-०४, डुङ्गहवा (आधारभूत तह (६-८) समायोजन | २ | कमला बेल्बासे | २०७६/८/१० | स्वीकृत दरबन्दी स्थायी |
| | | | बिष्णु प्रसाद पौडेल | २०७६/८/२० | स्वीकृत दरबन्दी स्थायी |
| | | १ | शोभा भट्टराई | | शिक्षण सहयोग अनुदान |
| ५ | श्री दुर्गा भवानी आधारभूत विद्यालय, बाणगङ्गा-३, कर्महना (आधारभूत तह कक्षा (६-८) समायोजन) | १ | सुनिता चौधरी | २०७४/७/७ | राहत अनुदान |
| | | १ | प्रशान्त थारु | | शिक्षण सहयोग अनुदान |
| ६ | श्री अन्तराष्ट्रिय युवा वर्ष आधारभूत विद्यालय, बाणगङ्गा-५, सिमलखोर (कक्षा ४-५ समायोजन) | १ | दामोदर आचार्य | २०७६/८/६ | स्वीकृत दरबन्दी स्थायी |
| ७ | श्री माध्यमिक विद्यालय, झण्डा, बाणगङ्गा-०५, झण्डा | २ | रिना पौडेल | २०७१/५/२५ | स्वीकृत दरबन्दी स्थायी |
| | | | सरस्वता भट्टराई | २०७१/४/२६ | स्वीकृत दरबन्दी स्थायी |
| ८ | श्री नव दुर्गा आधारभूत विद्यालय, बाणगङ्गा-०७, मोतिपुरडाँडाँ | १ | रेनु चौधरी | २०७६/८/६ | स्वीकृत दरबन्दी स्थायी |

CamScanner

विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७७ अनुरुप नगर शिक्षा समितिको सिफारिसमा बमोजिम दरबन्दी/राहत/शिक्षण सहयोग अनुदान कटौती हुने विद्यालय तथा शिक्षकहरुको विवरण

| क्र.सं | प्राथमिक तहको दरबन्दी/राहत अनुदान कटौती र निम्न माध्यमिक तहको शिक्षण सहयोग अनुदान कटौती हुने विद्यालय | प्राथमिक तहको दरबन्दी/राहत अनुदान र निम्न माध्यमिक तहको शिक्षण सहयोग अनुदान कटौती संख्या | शिक्षकको नाम | नियुक्ति मिति | कटौती हुने प्राथमिक तहको दरबन्दी/राहत अनुदानर निम्न माध्यमिकत तहको शिक्षण सहयोग अनुदान |
|---|---|---|---|---|---|
| १ | श्री कपिलवस्तु आधारभूत विद्यालय, बाणगङ्गा-०२, राजपुर | १ | तेज कुमारी पन्थी | २०७९/१२/२१ | स्वीकृत दरबन्दी |
| २ | श्री बालज्योती आधारभूत विद्यालय, बाणगङ्गा-०२, कप्टैया | १ | प्रतिभा भट्टराई | २०६६/७/२२ | राहत अनुदान |
| ३ | श्री कोटिया आ.वि, बाणगङ्गा-०३, गंगौलिया | १ | शोभाखर भट्टराई | २०८१/१२/०७ | स्वीकृत दरबन्दी स्थायी |
| ४ | श्री शान्ती आ.वि, बाणगङ्गा-०४, डुङ्गहवा (आधारभूत तह (६-८) समायोजन | २ | कमला बेल्बासे | २०७६/८/१० | स्वीकृत दरबन्दी स्थायी |
| | | | बिष्णु प्रसाद पौडेल | २०७६/८/२० | स्वीकृत दरबन्दी स्थायी |
| | | १ | शोभा भट्टराई | | शिक्षण सहयोग अनुदान |
| ५ | श्री दुर्गा भवानी आधारभूत विद्यालय, बाणगङ्गा-३, कर्महना (आधारभूत तह कक्षा (६-८) समायोजन) | १ | सुनिता चौधरी | २०७४/७/७ | राहत अनुदान |
| | | १ | प्रशान्त थारु | | शिक्षण सहयोग अनुदान |
| ६ | श्री अन्तराष्ट्रिय युवा वर्ष आधारभूत विद्यालय, बाणगङ्गा-५, सिमलखोर (कक्षा ४-५ समायोजन) | १ | दामोदर आचार्य | २०७६/८/६ | स्वीकृत दरबन्दी स्थायी |
| ७ | श्री माध्यमिक विद्यालय, झण्डा, बाणगङ्गा-०५, झण्डा | २ | रिना पौडेल | २०७१/५/२५ | स्वीकृत दरबन्दी स्थायी |
| | | | सरस्वता भट्टराई | २०७१/४/२६ | स्वीकृत दरबन्दी स्थायी |
| ८ | श्री नव दुर्गा आधारभूत विद्यालय, बाणगङ्गा-०७, मोतिपुरडाँडी | १ | रेनु चौधरी | २०७६/८/६ | स्वीकृत दरबन्दी स्थायी |

| क्र. सं | प्राथमिक तहको दरबन्दी/राहत अनुदान कटौती हुने विद्यालय | प्राथमिक तहको दरबन्दी/राहत अनुदान कटौती संख्या | शिक्षकको नाम | नियुक्ति मिति | कटौती हुने दरबन्दी/राहत अनुदान |
|---|---|---|---|---|---|
| ९ | श्री जनज्योती माध्यमिक विद्यालय, बाणगङ्गा-०७, मोतिपुर | १ | मोहन कंडेल | २०७५/१२/२९ (स्थायी नियुक्ति) २०६५/१२/१६ (अस्थायी नियुक्ति) | स्वीकृत दरबन्दी स्थायी |
| १० | श्री जनसेवा आधारभूत विद्यालय, बाणगङ्गा-०८, उदयपुर | १ | अजिता पाण्डे | २०८०/१२/२५ सिफारिस यो.क्र- ६ | स्वीकृत दरबन्दी स्थायी |
| ११ | श्री शुद्धोदन जनजीवन माध्यमिक विद्यालय, बाणगङ्गा-११, जिनुवा | १ | रिक्त | | स्वीकृत दरबन्दी |
| | | १ | यमलाल न्यौपाने | २०७२/८/२५ | माध्यमिक तह सामाजिक विषय राहत अनुदान |
| १२ | श्री कामता माध्यमिक विद्यालय, बाणगङ्गा-१०, करैलिया | १ | घनश्याम गैरे | २०७६/७/५ | निम्न माध्यमिक तह सामाजिक विषयको स्वीकृत दरबन्दी |
| १३ | श्री कोठीनदी आ.वि, बाणगङ्गा-१०, गोगापुर (विद्यालय समायोजन) | १ | राम लखन चौधरी | २०५६/५/२० | राहत अनुदान |
| १४ | श्री शारदा आधारभूत विद्यालय, बाणगङ्गा-१०, मझौवा (विद्यालय समायोजन) | १ | सन्तोष घिमिरे | २०८०/१०/२५ | स्वीकृत दरबन्दी स्थायी |
| १५ | श्री बाल आधारभूत विद्यालय, बाणगङ्गा-१०, बनकट्टा (कक्षा ४-५ समायोजन) | १ | शोभा कुँवर | २०७६/८/६ | स्वीकृत दरबन्दी स्थायी |
| १६ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, बाणगङ्गा-१०, | १ | सञ्जु खनाल | २०७४/१०/७ | स्वीकृत दरबन्दी अस्थायी |

| | | | | | |
|---|---|---|---|---|---|
| | अहिरौली | | | | |
| १७ | श्री आधारभूत विद्यालय, घरबुधिया, बाणगङ्गा-११, घरबुधिया | १ | ललिता चौधरी | २०६४/५/२ | राहत अनुदान |
| १८ | श्री गौतम बुद्ध आधारभूत विद्यालय, बाणगङ्गा-०९, कुसुमडाँडा (कक्षा ४-५ समायोजन) | २ | रिक्त | | स्वीकृत दरबन्दी |
| | | | जानका अधिकारी | २०६६/९/१२ | राहत अनुदान |
| १९ | श्री जनसहयोग आधारभूत विद्यालय, बाणगङ्गा-११, मैनहरा | १ | राम लखन चौधरी | २०५०/५/१४ | स्वीकृत दरबन्दी स्थायी |
| कुल कटौती हुने प्राथमिक तहको दरबन्दी/राहत अनुदान र निम्न माध्यमिक तहको शिक्षण सहयोग अनुदान/निम्न माध्यमिक तहको स्वीकृत दरबन्दी तथा माध्यमिक तहको राहत अनुदान | | - २५ | | | |

CamScanner